नेपाली राजदूताबास
*Embassy of Nepal*
*Berlin, Germany*

# अनुरोध

## स्वदेश फर्किने सम्बन्धमा जानकारी उपलब्ध गराउने बारे

नेपाल सरकारको निर्णय एवं कार्ययोजना बमोजिम यस नियोगको **मिति जुन ०२, २०२०** को सूचना अनुसार आजको दिन सम्म जर्मनी, पोल्याण्ड, रोमानिया तथा चेक गणतन्त्रबाट **स्वदेश फर्किने फाराम** भर्नु भएका ९३ जना नेपाली नागरिकहरूलाई स्वदेश फर्काउने सम्बन्धमा हाल आवश्यक कारबाही भैरहेको व्यहोरा अनुरोध छ ।

**स्वदेश फर्किने फाराम** भर्नु भएका नेपाली नागरिकहरू मध्ये कुनै कारणवस निर्दिष्ट गरिने उडान प्रयोग गरी हाल **नेपाल फर्किन आवश्यक नभएका** कोही व्यक्ति हुनुहुन्छ भने यही **जुन २२, २०२०** सम्म यस नियोगको ईमेल berlin@nepalembassy.de मार्फत **वा** टेलिफोन नं. 0049-303435-990 मा सार्वजनिक विदा हुने दिन बाहेक अन्य दिनमा विहान १० बजे देखि १ बजे सम्म जानकारी गराई सहयोग गरिदिनु हुन अनुरोध छ । यस जानकारीले जर्मनीबाट हाल नेपाल फर्किने नेपाली नागरिकहरूको यथार्थ तथ्यांक कायम गर्न र विमान सेवा प्रदायकलाई शीघ्र उडान संचालन गर्न सहयोग हुने भएकोले सम्बद्ध सबैलाई अनुरोध छ ।

**नेपाली राजदूतावास,**
**बर्लिन, जर्मनी**

मिति: जुन १८, २०२० (असार ०४, २०७७)